

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ मंसिर ८ गते शनिबार ❑ 23 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## अपराध र ठगी गर्नेलाई सरकारले छाड्दैन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ७ मंसिर

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले कानुन विपरीत काम र अपराध गर्नेलाई सरकारले नछाड्ने स्पष्ट गर्नुभएको छ।

नेकपा (एमाले) काठमाडौँ उपत्यकाका तीन जिल्ला कमिटीले शुक्रबार दरबारमार्गमा आयोजना गरेको जागरणसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले स्थिरता र सुशासनका लागि सोच, विचार गरेरै एमाले र नेपाली कांग्रेस मिलेर सरकार बनाएकाले सरकार त्यस्ता गलत कार्यलाई नियन्त्रण गर्न सक्षम रहेको बताउनुभयो । आफूहरुविरुद्ध अनेक हल्ला चलाइए पनि एमाले भ्रमको पछि नदौड्ने उल्लेख गर्दै अध्यक्ष ओलीले कागले कान लग्यो भन्दैमा आकाशतर्फ



हेरेर कागका पछिपछि दौडन आवश्यक नरहेको बताउनुभयो ।

"आफैं सहकारी ठगी गर्ने अनि अरूलाई दोष लगाउने, मुख छाड्ने, गाली गर्ने जस्ता काम भएका छन् । यस्ता कुनै पनि प्रकारका ठगी सैह्य हुँदैन । नेपाली जनता आफ्नो संस्कृतिको इतिहास र गौरवलाई कायम गर्दै 'समृद्ध नेपाल सुखी नेपाली'को सङ्कल्पलाई पूरा गर्न अघि बढ्नेछन् । नेपाली जनता भ्रममा पर्दैनन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अलोकतान्त्रिक बाटोबाट अराजकता सिर्जना गरेर समाजलाई भाँड्न खोज्नेहरुले सार्वभौम जनताको भविष्यलाई सङ्कटमा पार्ने प्रयास गरिरहेका छन् । यसमा हामी सचेत रहनुपर्छ। हाम्रा लागि देश र जनता प्रमुख कुरा हुन् । त्यसमा हामी दृढ तथा एकताबद्ध भएर लाग्नुपर्छ ।"

प्रधानमन्त्री ओलीले आफ्ना सन्तानलाई अकुत सम्पत्ति थुपारेर अर्बौं रुपैयाँका मालिक बनेकाहरूले आफ्नाविरुद्ध आरोप लगाउँदै हिँडेका स्पष्ट पार्दै आफूमाथि भ्रष्टाचारको औँला ठड्याउनेलाई बहसमा आउन चुनौती दिनुभयो। अहिलेको समीकरण र सरकारलाई कसैले हल्लाउन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार समाज र समुदायबीच अनेक खालका विद्वेष फैलाउने कार्यलाई निरत्साहित गर्न लाग्ने बताउनुभयो । बैंकको ऋण तिर्नुपर्दैन भन्नेहरुले देशको अर्थतन्त्रलाई ध्वस्त बनाउने उल्लेख गर्दै उहाँले उद्योगबाट बिलबमोजिम बक्यौता नउठाउने तर बिजुलीको लाइन काट्ने काम पनि देशको अर्थतन्त्र ध्वस्त पार्न खोज्ने शक्तिले गरेको दाबी गर्नुभयो ।

## सहकारीको भावनाविपरीत सञ्चालन गर्दा समस्या आयो : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केही व्यक्तिको कमजोरीले गर्दा सिङ्गो सहकारी क्षेत्र बदनाम भएको बताउनुभएको छ। जिल्ला सहकारी संघ लि कास्कीको नवनिर्मित भवनको शुक्रबार उद्घाटन गर्दै उहाँले पछिल्लो समय सहकारीभन्दा तर्सिने अवस्था सिर्जना भएको छ भन्नुभयो ।

"सहकारीको उद्देश्य, मर्म र भावनाविपरीत सहकारी सञ्चालन गर्दा समस्या आएको हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "सहकारी संस्थाका नियमनकारी निकाय पनि कमजोर देखिएका छन् ।" जतिसक्दो चाँडो सहकारीमा देखिएको समस्याको समाधान गरी सहकारी क्षेत्रको गुमेको साख फिर्ता ल्याउनुपर्ने उहाँको भनाइ छ ।



मुख्यमन्त्री पाण्डेले सहकारी बचत रकम अपचलनमा संलग्न भएको तथ्य प्रमाण भेटिए जुनसुकै व्यक्ति भए पनि कारबाहीको दायरामा आउने बताउनुभयो । "सरकारले विनातथ्य प्रमाण कसैलाई पनि केही गर्दैन, दोषी भए कारबाही हुन्छ, निर्दोष भए सोहीअनुसार हुन्छ, यसमा अन्यथा सोच्नुपर्ने विषय केही छैन।" प्रदेश सरकारले सहकारीमार्फत कृषि उत्पादनमा लागेका किसानलाई अनुदान दिँदै आएको बताउनुभयो । गण्डकी प्रदेशका सहकारी रजिस्टार भेषराज रिजालले निष्क्रय रहेका सहकारी संस्था खोरजीको प्रक्रियमा रहेको बताउनुभयो । सहकारी संस्था धेरै हुँदा न्यून जनशक्ति र संरचनाबाट प्रभावकारी नियमनमा जटिलता रहेको उहाँको भनाइ छ । डेरी उद्योगसमेत सञ्चालन गर्दै आएको उक्त सहकारी सङ्घले झण्डै रु दुई करोडको लागतमा भवन निर्माण गरेको सङ्घका अध्यक्ष सावित्रा कोइरालाले जानकारी दिनुभयो ।

## पोखराको टेम्पल ट्रि रिसोर्ट र खिलुङ कालिका कन्स्ट्रक्सन उत्कृष्ट करदाताबाट सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

पोखरा लेकसाइडमा रहेको टेम्पल ट्री रिसोर्ट र स्याङजाको खिलुङ कालिका कन्स्ट्रक्सन उत्कृष्ट करदाताबाट सम्मानित भएका छन् ।

आन्तरिक राजश्व कार्यालय पोखराले आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने कास्की र स्याङ्जाका उत्कृष्ट करदाता मध्य कास्कीको उक्त रिसोर्ट र स्याङजाको खिलुङ कालिकालाई शुक्रबार कार्यालयमा आयोजित एक समारोहका बिच सम्मान गरेको हो । राष्ट्रिय कर दिवस एवं सप्ताह कार्यक्रम समापनको अवसरमा कास्कीमा सबैभन्दा बढी आयकर तिर्ने टेम्पल ट्री रिसोर्टका सञ्चालक युवा व्यवसायी वसन्त गौतम र स्याङजाबाट सवैभन्दा वढी आयकर दाखिला गर्ने करदाता मध्यबाट खिलुङ कालिका कन्स्ट्रक्सनका सञ्चालक छविलाल अर्यालीलाई सम्मान गरिएको आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत शिव शर्माले बताउनु भयो । टेम्पल ट्री रिसोर्टले आर्थिक वर्ष २०७९/८० मा १ करोड ९७ लाख ७३ हजार ७ सय ८७ रुपैयाँ ३२ पैसा आयकरको रुपमा दाखिला गरेको थियो । त्यसै गरी खिलुङ कालिकाले भने ७६ लाख ५१ हजार रुपैयाँ आयकर दाखिला गरेको कार्यालयले उल्लेख गरेको छ । उत्कृष्ट करदातालाई जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डेले सम्मान गर्दै पोखरा पर्यटकीय क्षेत्र भएकोले यसको विकासमा निजिक्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने बताउनु भयो । पर्यटन प्रर्वद्धनमा स्थानीय प्रशासनले गर्नुपर्ने आवश्यक सहयोग र समन्वय गर्न कटिवद्ध भएको उहाँको भनाई थियो । प्रमुख कर अधिकृत शर्माले आर्थिक ऐन, २०८१ ले, दिएका विभिन्न छुट सुविधाको लाभ लिनका लागी आग्रह गर्दै सिमित समयको लागि दिएको छुटको फाइदा लिन सेवाग्राहीलाई अनुरोध गर्नुभयो । सेवा प्रवाहलाई थप सहज बनाउँदै करको दायरा विस्तार गर्दै लगिने उहाँको भनाई थियो ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय पोखराका उत्कृष्ट कर्मचारी नायब सुब्बा हरिश्चन्द्र पौडेललाई सम्मान गरिएको छ । यस्तै, करदाता सेवा कार्यालय पुतलीबजार स्याङ्जाका नायव सुव्वा देवश्री त्रिपाठीलाई सम्मान गरिएको छ । "कर प्रणालीको सार, लगानीको आधार" भन्ने नाराका साथ राष्ट्रिय कर दिवस २०८१ यही मंसिर १ देखि ७ गते सम्म विभिन्न कार्यक्रम गरी मनाइएको थियो । आर्थिक ऐन, २०८१ ले स्थायी लेखा नम्बर नलिई कारोबार गरिरहेका करदाताले स्थायी लेखा नम्बर लिएमा, आय विवरण बुझाउन बाँकी रहेका करदाताले आ.व.२०७९/०८० सम्मको विवरण बुझाएमा र २०८० असार महिना सम्मको बुझाउन बाँकी मूल्य अभिबृद्धि कर विवरण र सो वापतको कर र ब्याजको ५० प्रतिशतले हुने रकम बुझाएमा फागुन मसान्त सम्म छुट सुविधा दिने व्यवस्था गरेको कार्यालयले जनाएको छ।

आन्तरिक राजस्व कार्यालय पोखरामा आयकरमा ६८ हजार १ हजार ९६ जना रहनु भएको छ। मूल्य अभिबृद्धि करमा १२ हजार, अन्तःशुल्कमा द्ध हजार करदाता दर्ता हुनु भएको छ । १ लाख ९० हजार ३ सय ९ करदाताले व्यक्तिगत स्थायी लेखा नम्बर लिनु भएको छ । आन्तरिक राजस्व कार्यालय पोखरामा कूल २ लाख ५९ हजार ३० जना करदाता रहनु भएको छ।

## प्रधानमन्त्री ओलीसँग भारतीय सेनाध्यक्ष द्विवेदीको भेट

**रासस**
काठमाडौं, ७ मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल भ्रमणमा रहनुभएका भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीले शुक्रबार शिष्टाचार भेट गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र भारतका सेनापतिबीच मानार्थ महारथीको आदानप्रदानको मौलिक परम्पराको निरन्तरता भएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले दुई मुलुकबीचको सहकार्य र सम्बन्धलाई थप विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । सेनाध्यक्ष द्विवेदीले नेपाली सेनाको मानार्थ सेनापति हुन पाउँदा गर्वको महसुस गर्दै आफूलाई भाग्यमानी ठानेको बताउँदै दुई देशको सम्बन्धलाई थप विस्तारमा आफूले सक्दो भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । भेटका अवसरमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, परराष्ट्र मन्त्रालयका सहसचिव भृगु दुङ्गाना, नेपाली सेनाका उपरथी मधुकर कार्कीलगायत सहभागी हुनुहुन्थ्यो । स्थल सेनाध्यक्ष द्विवेदीले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिन्ह ग्रहण गर्नुभएको थियो ।

## सामुदायिक विद्यालय छोराछोरी पढाउने अभिभावकको नि:शुल्क बिमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

पोखरामहानगरपालिका-१२ ले सामुदायिक विद्यालयमा छोराछोरी पढाएका सबै अभिभावकको निःशुल्क पारिवारिक स्वास्थ्य विमा कार्यक्रम सुरुआत गरेको छ।

सरकारी विद्यालयहरुप्रति आकर्षण वृद्धि गर्नका लागि चालू आर्थिक वर्षदेखी कार्यान्वयन हुने गरी सो कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष सन्तोष बास्तोलाले बताउनुभयो । यस कार्यक्रमबाट सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको शिक्षा र स्वास्थ्य दुबै निःशुल्क हुने उहाँले बताउनुभयो । वडाध्यक्ष बास्तोलाले भन्नुभयो ,"सरकारी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरेर विद्यार्थी आकर्षण बढाउने गरी हाकीले काम गरिरहेका छौँ । सोही अनुसार वडामा स्थायी बसोबास रहेका र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका परिवारको विमा गर्ने छौँ । " पोखरा-१२ मा अमरसिँह माध्यमिक विद्यालय, शितलादेवी सामुदायिक विद्यालय र सरस्वती आधारभूत विद्यालय गरी तीन विद्यालय छन् । यी विद्यालयमा चार हजार तीन सय विद्यार्थी अध्ययन गर्दछन् । पारिवारिक विमा कार्यक्रमबाट सामुदायिक विद्यालयप्रतिको आकर्षण वृद्धि गर्ने र वडावासीको स्वास्थ्यमा पहुँच समेत बढाउने अपेक्षा गरिएको वडाध्यक्ष वास्तोलाले बताउनुभयो। चालु वर्षमा विमा कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरिएको वडाले जनाएको छ।

स्वास्थ्य विमा कार्यक्रममा वार्षिक रु तीन हजार पाँच सय प्रिमियम तिरेर परिवारका पाँच जना सदस्यले रु एक लाख बराबरको स्वास्थ्य उपचार सुविधा पाउने व्यवस्था रहेको छ । विमा प्रिमियम बापतको रकम वडाले भुक्तानी गर्नेछ । विमा कार्यक्रममा सहभागिताका लागि वडामा स्थायी बसोबास खुल्ने अभिभावकको नागरिकता, विद्यालयका सिफारिस र विद्यार्थी परिचयपत्रको प्रतिलिपि सहित निवेदन आह्वान गरिएको वडा सचिव शारदा सापकोटाले बताउनुभयो । यसैगरी वडाले चालू वर्षदेखी सामुदायिक विद्यालयहरुमा संस्कार शिक्षा पाठ्यक्रम लागू गरेको छ।

सामुदायिक विद्यालयहरुमा कक्षा ७ र कक्षा ११ मा संस्कार शिक्षा लागू गरिएको हो । वडाध्यक्ष बास्तोलाले अन्य निजी विद्यालयहरुमा पनि संस्कार शिक्षा लागू गर्ने भनेर गृहकार्य भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"हाम्रो संस्कार, संस्कृति, परम्परा र माटो संरक्षण सँगै पुस्तान्तरण गर्नु पनि हाम्रो कर्तव्य हो ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विकास परियोजनाले कालीगण्डकी नदी सङ्कटमा पर्ने चिन्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

मध्यनेपालको प्रमुख नदी-प्रणाली कालीगण्डकीमा आधारित कतिपय विकास परियोजनाले सभ्यता बोकेको उक्त नदीको अस्तित्व सङ्कटमा पर्ने भन्दै चिन्ता व्यक्त गरिएको छ।

यसै त अप्राकृतिक दोहनको चपेटमा परेको कालीगण्डकी नदीमा ठूला पूर्वाधार आयोजना निर्माण गर्दा नदी नदी-प्रणाली र त्यसमा आश्रित समुदायमा गम्भीर सङ्कट निम्तने 'कालीगण्डकी बचाऔँ अभियान'ले जनाएको छ। उक्त अभियानले विज्ञप्तिमार्फत सरकारले प्रस्तावित गरेका कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोनजा, कालीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाजस्ता परियोजना अघि बढाउँदा तटीय क्षेत्रको जनजीवन र सांस्कृतिक धरोहरमा असर पुग्ने जनाएको छ। कालीगण्डकी नदीको पानी पथान्तरण (डाइभर्सन) गरी तिनाउमा खसालेर रुपन्देहीसहितका क्षेत्रमा खानेपानी, सिँचाइ सुविधा र जलविद्युत् आयोजना निर्माण गर्ने सरकारको लक्ष्य छ। यस्तै बागलुङ र पर्वत जिल्ला समेटिने गरी कालीगण्डकी नदीमा बाँध बाँधेर छ सय ४० मेगावाटको जलाशययुक्त जलविद्युत् आयोजना, जलविहारलगायत बहुउद्देश्यीय अयोजना सञ्चालनका लागि अहिले वातावरणीय प्रभाव मूल्याङ्कनलगायत काम भइरहेको छ। 'कालीगण्डकी बचाऔँ अभियान'ले यी दुवै परियोजनाले नदी र पर्यावरण संरक्षणका दृष्टिले उपयुक्त नरहेको विज्ञप्तिमार्फत जनाएको छ। कालीगण्डकी डाइभर्सन अयोजनाविरुद्ध परेको रिट सर्वोच्च अदालतले हालै खारेज गरिदिएको विषयमा पनि ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ। "यस्ता परियोजनाले आसपासका क्षेत्रका बासिन्दाको दीर्घकालीन हक र भविष्यको अस्तित्वमा गम्भीर असर पुर्‍याउन सक्छ। कालीगण्डकी नदीको संरक्षण र यसको पारिस्थितिकीमा अझ बढी खतरा उत्पन्न हुन्छ", अभियानका संयोजक आरके अदीप्त गिरीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। परियोजनाले कालीगण्डकी नदीको आफ्नै जीवन्त प्राकृतिक प्रवाह खल्बलिने र यसको ऐतिहासिक, सांस्कृतिक, धार्मिक महत्वलाई नष्ट गर्ने जोखिम उत्पन्न गरेको संयोजक गिरीको भनाइ छ। नदीको मनलाग्दी दोहन र नदीमा आधारित ठूला विकास परियोजनाका कारण भविष्यमा जलसङ्कट, जैविक विविधताको ह्रास र भौगर्भिक सङ्कटन निम्तन सक्ने उहाँले बताउनुभयो। अभियानले मानवीय अतिक्रमणका कारण कालीगण्डकीमा निम्तिएको सङ्कटलाई अनदेखा नगर्न र मौनता नसाँध्न सबै पक्षलाई आग्रह गरेको छ। पर्यावरण संरक्षणसँगै मौलिक ढङ्गले विकास परियोजना सञ्चालन गर्नुपर्ने उसको माग छ।

हिमालको काखबाट बग्ने कालीगण्डकीलाई प्राकृतिक लयमा फर्काउन अभियानले विगतदेखि नै रचनात्मक दबाब बढाउँदै आएको छ। चार वर्षअघि जन्मेको उक्त अभियानले यसअघि 'नदी सप्तक' कविता शृङ्खला पनि चलाएको थियो। कालीगण्डकी दोहनले नदीको सौन्दर्य र सभ्यतामात्र नासिने नभई समग्र मानव-प्रकृति चक्रलाई दुःखान्त स्थितिमा पुर्‍याउने भएकाले संरक्षण अभियान चलाउनुपरेको संयोजक गिरीले बताउनुभयो। नदीमा हुने मानवीय हस्तक्षेपका कारण पानीको प्रदूषण, वनस्पति र जनावरको पारिस्थितिकीमा असन्तुलन र जैविक विविधतामा नोक्सानी पुर्‍याइरहेको उहाँको भनाइ छ। नदीको धार परिवर्तन र जलासय निर्माणले धार्मिकस्थल, ऐतिहासिक संरचना र प्राकृतिक विविधताको नष्ट हुने जोखिम रहेको उहाँको भनाइ छ।

कालीगण्डकी नदी मानव जीवनको स्रोत नदी भएकाले यसको संरक्षणका लागि सबैले आआफ्नो ठाउँबाट आवाज उठाउनुपर्ने गिरीको भनाइ छ। धार्मिक, सांस्कृतिक गरिमा, जैविक र प्राकृतिक विविधतासँगै मानिसको जीविकासँग पनि जोडिएको कालीगण्डकी नदीलाई आफ्नै प्राकृतिक स्वरुपमा बग्न दिनुपर्ने अभियानकर्मीहरूको माग छ।

विश्वमै दुर्लभ शालिग्राम पाइने एकमात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ। दोहनकै कारण कालीगण्डकीमा मात्रै पाइने उक्त शालिग्राम शिला लोपोन्मुख स्थितिमा पुगेको छ। यो नदी हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिणतर्फ बग्छ। राज्यको उचित र कठोर नीति नहुँदाको फाइदा उठाउँदै गिट्टी, बालुवा उत्खननका नाममा मनपरी ढङ्गले नदी दोहन भइरहेको छ। मुक्तिनाथबाट देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौं तीर्थस्थलसमेत सङ्कटोन्मुख अवस्थामा छन्।



एयर बेलुनबाट दृश्यावलोकन : कास्की, पोखराको आकाशमा साहासिक गतिविधिमा रमाउने पर्यटकलाई लिएर हिमश्रृखला दृश्यावलोकन गराइरहेको हट एयर बेलुन। तस्बिरः जमुनावर्षा शर्मा/रासस

# मुग्लिन-पोखरा सडक: पूर्वी खण्डमा धमाधम कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, ७ मंसिर



मुग्लिन- पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँको पूर्वी खण्डमा धमाधम कालोपत्र भइरहेको छ। आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकदेखि सत्रसय खण्डमा कालोपत्र जारी रहेको हो।

मुग्लिन- पोखरा सडक योजना (पूर्वी खण्ड) का इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार यसअघि एक तहको कालोपत्र भइसकेको स्थानमा अन्तिम चरणको कालोपत्र थालिएको हो। हालसम्म दुई दशमलव चार किलोमिटर कालोपत्र सकिएको छ। पूर्वी खण्डअन्तर्गत ६३ किलोमिटर कालोपत्र भएको छ।

त्यसमध्ये २९ किलोमिटर खण्डमा चार लेन र पाँच किलोमिटर खण्डमा दुई लेन कालोपत्र भएको छ। पूर्वी खण्डअन्तर्गत दमौलीको बुल्दीपुलदेखि घाँसीकुवा क्षेत्रमा पनि केही दिनमा कालोपत्र गरिने इञ्जिनियर पाण्डेले बताउनुभयो। दमौली बजारमा सडक विस्तार निर्माण भइरहेको छ।

यो सडकको पूर्वी खण्डमा हालसम्म ६८ प्रतिशत प्रगति भएको छ। यसमा १४ वटा साना पुल निर्माण भएका छन्। यो खण्ड रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारको लागतमा निर्माण हुँदैछ।

# कृषिउपज बिक्री गरेर सहरको पैसा गाउँ लैजाँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

कृषिप्रतिको अनइच्छाका कारण ग्रामीण क्षेत्रका जग्गा बाँझिदै गएका अवस्थामा पोखरा महानगरपालिका-२८ माझठाना, ओख्लेलगायत स्थानका बासिन्दा भने कृषिकै माध्यमबाट बजारको पैसा गाउँमा भित्र्याउन सक्रिय छन्।

पछिल्ला समयमा यस क्षेत्रमा बढ्दै गएको व्यावसायिक कृषिप्रतिको लगावका कारण यतिखेर स्थानीयको आयआर्जन बढ्दै गएको छ भने विगतमा बाँझिदै गएका जग्गा उपयोग हुने आशा जगाएको छ। विगत दुई तीन वर्षयता व्यावसायिक कृषिमा जोड दिँदै यहाँका स्थानीयले पशुपालन, तरकारीखेती लगायतमा जोड दिने गरेको पोखरा महानगरपालिका-२८कावडाध्यक्ष श्रीकृष्ण लामिछानेले जानकारी दिनुभयो। कृषिप्रतिको स्थानीयको आकर्षणसँगै वडा कार्यालयले पनि कृषिजन्य उत्पादनमा जोड दिँदै त्यसको बजारीकरणमा पनि सहयोग गरिरहेको उहाँले बताउनुभयो। "कृषिजन्य उत्पादनलाई प्राथमिकतामा राख्दै त्यसको बजारीकरणका लागि पनि हामीले जोड दिएका छौँ", उहाँले भन्नुभयो, "यस वर्षमात्रै यस वडाबाट कृषकहरूले रु १७ लाख २४ हजार को खसी तथा बाख्रा बिक्री गरेका छन्।" वडाभित्रका माझठाना, ओख्ले, रैकर, सौर्य, कालिकास्थान, सुर्केमैदानलगायत स्थानबाट साप्ताहिक रुपमा प्रत्येक शनिबार तरकारीहरू कृषि एम्बुलेन्सका माध्यमबाट बजारमा पुगिरहेको उहाँले बताउनुभयो। पोखरामहानगरपालिकालेमहानगरभित्रका कृषिजन्य वस्तुको बजारीकरणमा सहयोग पुर्याउने लक्ष्यका साथ कृषि एम्बुलेन्सको व्यवस्था गरेको छ। विभिन्न मौसमी तथा बेमौसमी तरकारी बिक्रीका माध्यमबाट वडाभित्र कृषकले वार्षिक रु ४०/५० लाखसम्म आयआर्जन गरिरहेको उहाँले जानकारी दिनुभयो। पशुपालनमा जोड दिँदै आएको यस क्षेत्रबाट दैनिक सात सय लिटर दूध बजारमा बिक्री भइरहेको छ। "कृषिजन्य उत्पादनको बिक्रीवितरणबाट अहिले बजारको पैसा गाउँमा भित्रिएको छ", वडाध्यक्ष लामछानेले भन्नुभयो, "यसले स्वरोजगार अभिवृद्धिसँगै बाँझिएका जग्गाहरूमा खेती गर्नका लागि अन्यलाई पनि प्रेरित गर्ने अपेक्षा गरिएको छ।"

पछिल्ला समयमा पोखरा महानगरपालिका-२८ मा व्यावसायिक कृषितर्फ आकर्षण बढिरहेको महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो। कृषिजन्य उत्पादनमा जोड दिनसकेमा त्यसले आत्मनिर्भरता अभिवृद्धि गर्नुका साथै उत्पादित बस्तुको बिक्रीवितरणबाट आयआर्जन हुनेहुँदा स्वरोजगारी बढाउने उहाँले बताउनुभयो। महानगरपालिकाले उत्पादनमा जोड दिइरहेको जनाउँदै उहाँले स्थानीय जागरुकता बढेमा महानगरबाट गर्न सकिने सहयोगका लागि सधैँ तयार नै रहेको उहाँको भनाइ छ।

# छैठौं राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

कास्की माछापुच्छे गाउँपालिकाको आयोजनामा "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने मुल नाराका साथ मंसिर ६ गते देखि सुरु भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको दास्रो दिन शुक्रवार विभिन्न विदाका खेलहरु सम्पन्न भएको छ।

शुक्रवार भएको पहिलो खेल सटफुट छात्र तर्फ भुमेश्वर मा.विका सुमन मिजार प्रथम, शुक्लागण्डकीका रुपक दर्लामी द्धितिय र निश्पक्ष मा.विका अमन थापा तृतिय भएका छन्। सटपुट छात्रा तर्फ उदय मा.वि की मनिषा बि.क प्रथम, महेन्द्र मा.वि की ऐलिना परियार द्धितिय र शुक्लागण्डकी एलिना परियार तृतिय भएकी हुन्।

लङजम्प छात्रतर्फ ज्ञानज्योति बोर्डिङ स्कुलका अंकित नेपाली प्रथम, उदय मा.विका दिनेश वि.क द्धितिय र महेन्द्र मा.विका अरुण परियार तृतिय भए। ज्याभलिङ थ्रो छात्रा तर्फ बरहा मा.वि की मोनिका जैसी प्रथम, भुमेश्वर मा.वि की सन्जु नेपाली द्धितिय र शुक्लागण्डकी की सलिना नेपाली तृतिय भईन्। ज्याभलिङ थ्रो छात्र तर्फ शुक्लागण्डकीका आदित्य भारती प्रथम, गौरीशंकरका जीतमान कामी द्धितिय र माछापुच्छ्रेका इश्वर पाइज तृतिय भए। यता ट्रिपल जम्प छात्रको खेलमा बराहका अमृत सुनार प्रथम, ज्ञानज्योतिका एलेन शाही द्धितिय र माछापुच्छ्रेका अनमोल तमु तृतिय स्थान हात पारे। ट्रिपल जम्प छात्रा तर्फ शुक्लागण्डी की प्रतिक्षा पोख्रेल प्रथम,भमेश्वर की रोसी नेपाली द्धितिय, शारदाकी अन्जु नेपालीले तृतिय स्थान प्राप्त गरिन। शनिबार छात्र कवडी तर्फ पहिलो खेल गौरीशंकर र महेन्द विच हुने छ। उक्त खेलको बिजेता समुहले माछापुच्छे संग पहिलो सेमिफाइनलको खेल खेल्ने छ। दोस्रो खेल शुक्लागण्डकी र शारदा मा.वि बिच हुने छ। दोस्रो खेलको बिजेता सुमहले ज्ञानज्योति संग दोस्रो सेमिफाइनलमा भिडने छ। छात्रा कवडी तर्फको पहिलो सेमिफाइनल खेल महेन्द्र र शुक्लागण्डकी र दोस्रो माछापुच्छ्रे र उदय मा.वि विच हुने छ। छात्रा भलिवल तर्फ शनिवार पहिलो खेल पृथ्वीनारायण र निश्पक्ष विच हुने छ। बिजेता समुहले बराह संग सेमिफाईल भिडने छ। दोस्रो सेमिफाईनको खेल गैरीशंकर र शुक्लागण्डकी विच हुने छ। साथै अन्य रिले तर्फका विभिन्न विदाका खेलहरु पनि शनिवार सम्पन्न हुने छन्। मंसिर ६ गते देखि ८ गते सम्म लाहाचोक महेन्द्र मा.विको खेल मैदान मा सञ्चालन हुने रनिङ शिल्ड प्रगियोगितामा पालिका भित्रका १२ वटा माध्यमिक विद्यालयहरुको सहभागिता रहेको छ।


## जाडो मौसममा चिसोबाट बचौं

◆जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
◆तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
◆घर तथा कोठा न्यानो बनाऔं,
◆बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
◆बढी चिसोमा मर्निङवाक नगरौं,
◆दैनिक घाम ताप्ने गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'गौरिया' चामलको माग बढ्दो, खेती घट्दो

**रासस**
म्याग्दी, ७ मंसिर

मङ्गला गाउँपालिका -५ पिपलबोटका भीमबहादुर सापकोटालाई यसपाली खेतको धान नकाट्दै पोखरा र बागलुङ गलकोटबाट पाँच मुरी 'गौरिया' धानको चामलको माग आयो।

हालै भित्र्याएको धान कुटेर तीन मुरी चामल ग्राहकलाई बेचिसकेका सापकोटालाई गौरिया धानको चामलको लागि दैनिक दुई/तीन जनाले फोन गर्छन् । "२५-३० मुरी धानले घरमा खान, आफन्तलाई कोशेली पठाउन र नियमित ग्राहाकलाई चामल पुऱ्याउन ठिक्क हुन्छ," उहाँले भन्नुभयो "उत्पादन गर्न सके बजारको समस्या नभएको गौरिया धान खेतीनै घट्दै गएको छ।"

पकाउदाँ घरबाहिरै छुट्टै किसिमको मगमग बास्दा आउने र खाँदा स्वादिलो हुने म्याग्दीको रैथाने गौरिया धानको चामलको माग बढेपनि खेती घट्दै गएको छ। सहर बजारका तारे होटलदेखि घरानीया ब्यापारी, उच्च तहका नेता, कर्मचारीहरु गौरिया धानको चामलका उपभोक्ता भएका मङ्गला -५ छिसवाङका दुर्गाबहादुर खत्रीले बताउनुभयो।

"गौरिया धान पाक्दा खेतनै बसाउँछ। भान्छा कोठामा गौरीयाको भात पकाउदा आगनसम्मै बास्ना आउँछ," ६८ वर्षीय खत्रीले भन्नुभयो "गौरियाको भात खाइरहेकालाई अन्य धानको भात रुच्दैन् । गौरियानै खोज्छन्।"

गौरिया म्याग्दीको खोप्ती,



छिसवाङ, रणवाङ, पिपलबोट, कुरसिम्ला, शेराफाट, तल्लो पोक, बाबियाचौर, सिम, सिमलचौर क्षेत्रमा खेती हुने रैथाने जातको धानबाली हो। स्थानीयबासीहरुका अनुसार चार पुस्ता अघिदेखि खेती हुदै आएको गौरियाको वैज्ञानिक र अंग्रेजी नाम अझै पहिचान भएको छैन्।

म्याग्दी नदीको तटीय क्षेत्रमा पर्ने गैरिखेतमा खेती हुने भएकाले गौरिया नाम राखिएको पिपलबोटका छवीलाल कडेल बताउनुहुन्छ । "यहाँ वार्षिक ८० मुरीसम्म गारिया धान फलाउने र रु छ लाख सम्मको चामल बिक्री गर्ने कृषक छन्," उहाँले भन्नुभयो "यहाँबाट लगेको गौरियाको चामल अन्य जातको धानको चामलमा मिसाएर उपभोग गर्दा रहेछन् ।" आधुनिक जातको धान खेतीप्रतिको आकर्षणका कारण गौरियाको खेती घटेको पिपलबोटका कृषक केशव कडेलले बताउनुभयो । "पहिले सबैले गौरिया गर्दथे," उहाँले भन्नुभयो "नयाँ जातको धानखेती गर्ने क्रमसँगै गौरियाको खेती र उत्पादन घटेको हो।"

गौरिया धानको चामल भात, पुलाउ, खिर र सेलरोटी बनाउने पिठोका लागि उपयुक्त हुन्छ । न्यानो ठाउँमा हुने गौरिया धानको बोट अग्लो हुन्छ र सिचाईका लागि धेरै पानी आवश्यक पर्छ। असारको १५ गते रोपीने गौरीया कात्तिक १५ गतेको आसपासमा पाकेर भित्र्याउने हुन्छ।

गौ रया धानको दाना अरु जातको भन्दा सानो हुन्छ। अन्य जातको तुलनामा गौरियाको उत्पादकत्व कम हुन्छ। पकाउदा भात बढी देखिने गौरिया उपभोग गर्दा आडिलो पनि हुने उपभोक्ताको अनुभव छ । सुत्केरी, किरिया बसेकाहरुलाई गौरीया धानको चामलको भात उपभोगी हुने बताइन्छ। बालाले धान्न नसकेर बोट लड्ने गौरिया धान खेती गर्दाको प्रमुख कमजोरी भएको किसानहरु बताउँछन्।

नयाँ जातका धानको खेतीमा आकर्षणसँगै गौरीया, गुडुरा, आँगा, घैयालगायत म्याग्दीका स्थानीय रैथाने जातका धानको खेती घटेको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिव बास्तोलाले बताउनुभयो।

"जेठोबुढोसँग मिल्दोजुल्दो गुण भएपनि गौरीया फरक जातको धान हो," उहाँले भन्नुभयो "कृषकहरुले चासो दिने हो भने गौरियालाई रैथाने बालीको रुपमा ब्राण्डीङ गरेर म्याग्दीको पहिचान बनाउन सकिन्छ।"

गौरिया धानखेती हुने क्षेत्रफल र उत्पादनको मात्राको विषयमा कसैसँग तथ्याङ्क र अभिलेख छैन्। म्याग्दीमा गत वर्ष तीन हजार ८९० हेक्टर क्षेत्रफलमा १२ हजार ४४८ मेट्रिक्टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छन् । यस वर्ष धानको उत्पादनको अवस्था पहिचानका लागि क्रप कटिङ बिधिबाट अध्ययन र तथ्याङ्क संकलनको काम भैरहेको कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत गंगा लामिछानेले बताउनुभयो।

रैथाने गौरियाजातको धानको विषयमा अध्ययन अनुसन्धानका साथै संरक्षणको पहल गर्नुपर्ने मङ्गला गाउँपालिकाका कृषि प्राविधिक समेत रहेका कुरसिम्लाका बासिन्दा जगत बानियाले बताउनुभयो । "अहिले नेपालमा चलेको जेठो बुढोलाई मात खुवाउने उच्च व्यवसायिक सम्भावना बोकेको गौरीया धानको खेती र महत्व स्थानीय स्तरमै सीमित भएको छ," उहाँले भन्नुभयो "गौरियो धानको विषयमा अध्ययन अनुसन्धान, संरक्षण र प्रर्वद्धनका लागि प्रदेश तथा संघीय सरकारले कृषकले चासो र तीनै तहका सरकारले अग्रसरता लिनुपर्छ।"

# आँबुखैरेनीमा 'छात्रा बचत खाता' कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ७ मंसिर



तनहुँको आँबुखैरेनी गाउँपालिकामा छात्रा बचत खाता कार्यक्रम सुरु भएको छ । गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालक्षित 'छात्रा बचत खाता' कार्यक्रम सुरु गरेको हो।

आँबुखैरेनी गाउँपालिका-३ स्थित रामशाह माध्यमिक विद्यालयबाट आजदेखि यो कार्यक्रम सुरु गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। यो कार्यक्रम पालिकाभित्रका सबै सामुदायिक विद्यालयमा क्रमशः सञ्चालन गरिने चुमानको भनाइ छ। गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार पहिलोपटक छात्रा बचत कार्यक्रम सुरु गरिएको चुमानले बताउनुभयो । रामशाह माविमा एक हजार आठ सय विद्यार्थी अध्ययनरन छन् । त्यसमध्ये एक हजार एक सय छात्रा छन् । पालिकाले कक्षा १० सम्म अध्ययनरत छात्रालाई रु एक हजार बचत मौज्दातसहित निःशुल्क बाल बचत खाता खोलिदिने चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "कक्षा १ देखि १० सम्मका छात्राको बाल बचत खाता खोलेर रु एक हजार जम्मा गरिदिन्छौं। सानैदेखि बचत गर्नुपर्छ भन्ने भावना विकास गर्न यो कार्यक्रम ल्याइएको हो।"

शैक्षिक सुधार कार्यक्रमअन्तर्गत बाल बचत खाता सञ्चालनको मुख्य उद्देश्य भनेको सानैदेखि बचत गर्ने बानीको विकास, रुचि तथा क्षमताअनुसारको उच्च शिक्षाको पहुँच र उद्यमशील विकास गरी सुनौलो भविष्य निर्माणका लागि सहयोग पुऱ्याउने रहेको चुमानले उल्लेख गर्नुभयो।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख निर्मला कुँवरले रामशाह माविबाट सुरु भएको यो कार्यक्रम सबै वडाका सामुदायिक विद्यालयमा सञ्चालन गरिनेछ । गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा दुई हजार पाँच सय छात्रा अध्ययनरत छन्। विद्यार्थीको खाता कुमारी बैंकसँगको समन्वयमा खोलिनेछ । उक्त खातामा प्रतिविद्यार्थी रु एक हजार गाउँपालिकाले बचत गरिदिनेछ। सोबापत कुमारी बैंकले रु २० बजार बराबरको स्वास्थ्य बीमाको सुविधा दिनेछ । कुँवरले भन्नुभयो, "यो कार्यक्रमले बचत गर्ने बानीको विकास गर्ने, विद्यार्थीको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चित गर्ने, विद्यार्थीको रुचि तथा क्षमताअनुसारको उच्च शिक्षाको पहुँचमा सहयोग पुग्नेछ।" यसअघि गाउँपालिकाले जनप्रतिनिधि, कर्मचारी, शिक्षकका छोराछोरी सरकारी विद्यालयमा पढाउनुपर्ने निर्णय गरिसकेको छ । गाउँपालिकाले सामुदायिक विद्यालयको शिक्षा रुपान्तरणलाई अभियानकै रूपमा अगाडि बढाएको छ । सामुदायिक विद्यालयको सुधारका निम्ति सुविधासम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापन, पूर्ण दरबन्दीको व्यवस्थापन, सिकाइ गुणस्तर अभिवृद्धिलगायत कार्यक्रम सञ्चालन गरिने अध्यक्ष चुमानको भनाइ छ।

आँबुखैरेनी गाउँपालिकाका छवटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब चार हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीति पनि ल्याएको छ । त्यस्तै सामुदायिक विद्यालयमा छोराछोरी पढाउने वडा नम्बर ४, ५ र ६ का परिवारका लागि पालिकाले निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने चुमानले बताउनुभयो।

# तनहुँमा बीस रोपनी जमीनमा रैथाने साग खेती

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ मंसिर

समुद्री सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा रहेको आँबुखैरेनी-५ छिम्केश्वरी लाब्दीमा २० रोपनी जमीनमा व्यावसायिक रायो सागखेती गरिएको छ।

किसानले उत्पादन गरेका कृषि उपज बिक्री सहजका लागि गाउँपालिकाले हाटबजारको व्यवस्था मिलाएपछि यहाँका किसान व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका हुन् । स्थानीय सङ्गिता गुरुङ, टीकामाया गुरुङ, आइतमाया गुरुङ, लक्ष्मण गुरुङ लगायकाले प्रत्येकले दुई/तीन रोपनीका दरले साग खेती गरेका हुन् । गाउँपालिकाले किसानलाई थप हौसला प्रदान गर्न उत्पादनको आधारमा प्रतिकिलो २५ रुपैयाँ अनुदानको व्यवस्था गरेको आँबुखैरेनी कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँका अनुसार छिम्केश्वरीका किसानले उत्पादन गरेका कृषि उपज हाटबजारसम्म ल्याउन ढुवानीको समेत व्यवस्था गरिदिएको छ। दिनमा दुई सय पचासदेखि तीन मुठासम्म साग बिक्रीका लागि ल्याउने गरिएको उहाँले बताउनुभयो।

यहाँ उत्पादित सागप्रति मुठा रु एक सयमा बिक्री हुने गरेको छ । नाङ्गलो जस्ता सागको पात देख्दा उपभोक्ता किन्नका लागि भीड नै लाग्ने गर्दछन् । यहाँ उत्पादित साग रसिला र मीठो पनि उत्तिकै हुने भएकाले उपभोक्ताको रोजाइमा साग पर्ने गरेको छ।

जलवायु परिवर्तनको असरका कारण कीराको प्रकोप हुँदा सागका पात खाने समस्या भएको छ,उहाँले भन्नुभयो "जलवायु मैत्री कृषि प्रविधितर्फ गाउँपालिकालाई उन्मुख गराउने योजना बनाइएको छ।" जैविक विषादी निमजन्य विषादी कृषि शाखाले निःशुल्क रुपमा किसानलाई उपलब्ध गराउँदै आएको गाउँपालिकाले जनाएको छ।

अघिल्लो वर्ष सागलगायतका तरकारी बिक्री गरेर एक किसानले ५०/६० हजारसम्म आम्दानी गर्न सफल भए पनि यसवर्ष कीराको प्रकोपका कारण आम्दानी घट्ने देखिएको कृषि शाखा प्रमुख केसीले बताउनुभयो । गाउँपालिकाले रु ४० लाखको लागतमा वार्षिक दुई लाख ५० हजार भाडा बुझाउने गरी जग्गा भाडामा लिएर दुई वर्षदेखि आँबुखैरेनी बजार क्षेत्रमा हाटबजार सञ्चालनमा ल्याएको हो । गाउँपालिकामा उत्पादित बाँसजन्य सामग्रीका साथै मह,घीउ, दही, पनिर, बेसार, अदुवा, अकबरे खुर्सानी, मकै, भटमास, स्कुस, बरेला, बोडी, च्याउ र बेमौसमी केराउ लगायतका कृषि उपज बिक्री वितरणमा सहज भएको छ।

व्यावसायिक रुपमा यहाँका स्थानीयले तरकारी लगायतका कृषि उपज उत्पादन गर्न थालेपछि महिला आयआर्जनमासमेत सबल बन्दै गएको वडाध्यक्ष सन्तोष गुरुङले बताउनुभयो । यहाँ उत्पादित कृषि उपज तल बैंसीमा रहेको हाटबजारसम्म लगेर बिक्री वितरण गर्ने व्यवस्था मिलाइएपछि किसान उत्साहित भएर उत्पादनमा लागेका उहाँले जानकारी दिनुभयो।

# गोरखामा मध्यपहाडी राजमार्गको २३ किलोमिटर सडक कालोपत्र अझै बाँकी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

मध्यपहाडी राजमार्गअन्तर्गत गोरखामा पर्ने २३ किलोमिटर सडकखण्ड कालोपत्रको काम अझै बाँकी रहेको छ।

जिल्लाभित्रपर्ने ६३ दशमलव ३७ किलोमिटर सडकमध्ये हालसम्म ४० दशमलव तीन किलोमिटरमात्र कालोपत्रको काम सम्पन्न भएको मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पालुङटारका इन्जिनियर विदुर सुवेदीले जानकारी दिनुभयो । उहाँकाअनुसार गोरखामा यस सडकलाई पाँच खण्डमा छुट्याएर निर्माणको काम सुरु भएको थियो। जसमा दुईवटा खण्डको काम भने अझै अलपत्र छ । यहाँको भीमेसन थापा गाउँपालिकाको ओख्ले-निवेल खण्डमा पर्ने १६ दशमलव ८७ किलोमिटर सडकमध्ये छ दशमलव ८७ किलोमिटर सडक कालोपत्रको काम बाँकी छ। उक्त खण्डमा १० किलोमिटर सडक गत आर्थिक वर्षमा कालोपत्र भएको थियो । बाँकी काम आगामी पुस पहिलो साताभित्र निर्माण सम्पन्न गर्नेगरी छैटौं ठेकेदार कम्पनीलाई म्याद गरिएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



रक्तदान जीवनदान
जीवनदान महादान



## गण्डकी इको बीक्स एण्ड टायल इण्डष्ट्रिज प्रा. लि. सँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०८)**

**गण्डकी प्रदेश, तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका वडा नं. ०७, मा गण्डकी इको बीक्स एण्ड टालय डण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।**

<table>
<tr><td>प्रस्तावकको नाम तथा ठेगाना</td><td colspan="3">गण्डकी इको बीक्स एण्ड टालय डण्डष्ट्रिज प्रा.लि.<br>म्याग्दे गाउँपालिका-०७, थर्पु, तनहुँ<br>फोन नं.: +९७७-९८५६०२००५७</td></tr>
<tr><td rowspan="3">प्रस्तावको व्यहोरा</td><td colspan="3">उत्पादन बस्तुः compressed ईट्टा</td></tr>
<tr><td>विद्यमान क्षमता</td><td>थप गर्ने</td><td>जम्मा</td></tr>
<tr><td>वार्षिक १८ लाख (दैनिक ६,०००) गोटा</td><td>वार्षिक ६६ लाख (दैनिक २२,०००) गोटा</td><td>वार्षिक ८४ लाख (दैनिक २८,०००) गोटा</td></tr>
<tr><td>प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह</td><td colspan="3">तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका</td></tr>
<tr><td>जग्गाको कित्ता नं.</td><td colspan="3">तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका वडा नं. ७ (साविक मनपाङ ६.क) कित्ता नं. १३६८, १२७० र ५३५</td></tr>
</table>

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री गण्डकी इको बीक्स एण्ड टायल इण्डष्ट्रिज प्रा.लि., म्याग्दे गाउँपालिका-०७, थर्पु,
फोन नं.: ९७७-९८५६०२००५७

२. श्री उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा, कास्की
इमेलः motics.industry@gmail.com फोन नं.: ९७७-०६१-५३७९८२

३. श्री म्याग्दे गाउँपालिका, ७ नं. वडाको कार्यालय, तनहुँ

४. श्री ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्टेन्सी प्रा. लि. नयाँ बानेश्वर, काठमाण्डौं,
फोन नं.: ९८४६४०४११८ ईमेलः geec.nepal@gmail.com

# करोडौँका 'कोल्ड स्टोर' प्रयोगविहीन, उत्पादन बोटबाटै बिक्री गर्न किसान बाध्य

**पोखरापत्र संवाददाता**
पर्वत, ७ मंसिर

यतिबेला जिल्लाका अधिकांश स्थानमा पाकेका सुन्तला लटरम्म छन् । जिल्लामा भरपर्दो र उपयुक्त चिस्यानगृह नहुँदा किसानहरू सुन्तला पाक्न नपाउँदै सस्तो मूल्यमा बिक्री गर्न बाध्य भएका छन् ।

जिल्लाभित्र करोडौँ रुपैयाँको लगानीमा निर्माण भएका चिस्यान केन्द्र प्रयोगविहीन बन्दा सुन्तला, किबी, आलुजस्ता कृषिउपज सिजनमै सस्तोमा बिक्री गर्नुपरेको हो । प्रयोग भएका गृह पनि आंशिक मात्रामा सञ्चालनमा रहेका छन् । जिल्लाका विभिन्न क्षेत्रमा निर्माण भएका चिस्यानगृहमा कृषकले उत्पादन गरेका तरकारी, फलफूल तथा अनाज भण्डारण नगरी सीधै व्यापारीलाई ठेक्कामा बिक्री गर्दा प्रयोगविहीन बनेका हुन् । कृषि ज्ञान केन्द्र पर्वतका अनुसार, हाल जिल्लाभित्र विभिन्न प्रकृति र उद्देश्यका आठवटा चिस्यानगृह रहेका छन् ।

जिल्लाभित्र रहेको चिस्यानगृहको क्षमता करिब ६४ दशमलव ५ मेट्रिक टन रहेको छ । तीमध्ये १० मेट्रिक टन क्षमताका भोक्सिङ, शालिजा र बनौँमा रहेका तीनवटा चिस्यानगृहमा सिजनको बेला मात्र आलु भण्डारण गर्ने गरिन्छ । त्यसैगरी बाँसखर्कमा १० मेट्रिक टन क्षमता रहेको एक र कुर्घामा २ दशमलव ५ मेट्रिक टन क्षमता रहेका दुईवटा कोल्डस्टोर सिजनअनुसार सुन्तला र आलु स्टोर गरिँदै आएको छ ।

"हामी जसरी 'कोल्ड रुम' बनाउन बजेटको लागि खट्छौँ, भनसुन गर्छौं, सोहीअनुसार सञ्चालनमा समेत यथोचित ध्यान नदिँदा अपेक्षित लाभ दिन नसकेका हुन् ।" कृषि ज्ञान केन्द्र, पर्वतका प्रमुख परशुराम अधिकारीले भन्नुभयो,- "राज्यले भौतिक संरचनाका लागि मात्र बजेट विनियोजन गर्नुभन्दा निर्माणपश्चात्का जटिलता, प्राविधिक ज्ञान, सहुलियत विद्युत्लगायतका पक्षमा समेत यथोचित ध्यान दिनुपर्छ ।" अधिकारीले चिस्यान केन्द्र निर्माण गरे पनि कृषकले भण्डारण नगरी ठेक्कामै आफ्ना उत्पादन बेच्ने परिपाटी विकसित हुँदै गएको र कृषिउपज टिप्ने, सङ्कलन गर्ने तथा भण्डारण गर्ने आवश्यक ज्ञान उनीहरूमा नदेखिएको हुँदा फसल लामो समयको लागि स्टोर गर्न समस्या देखिएको बताउनुभयो । उहाँले राज्यस्तरबाटै निर्माणसँगै स-साना प्राविधिक ज्ञानका पक्षलाई पनि माथि उठाउनुपर्ने बताउनुभयो ।

त्यसैगरी पाँच वर्ष अघि कुश्मा नगरपालिका-९ कटुवाचौपारीको बाह्रबिसेमा निर्माण गरिएको कोल्डरुममा आलु भण्डारण सफल रुपमा हुँदै आएको छ । कटुवाचौपारीको कोल्डरुममा विगत पाँच वर्षसम्म प्राविधिक ज्ञानको अभावका कारण केही कृषिउपज कुहिएर गएका थिए भने पछिल्लो समय आलु र सुन्तला भण्डारण सफल देखिएको सञ्चालक राजबाबु पिसीले जानकारी दिनुभयो । उहाँले आगामी दिनमा मासु स्टोर गर्न सकिने कोल्डरुम निर्माणको सोचमा आफू रहेको जानकारी दिनुभयो । त्यसैगरी पैयुँ गाउँपालिका-४ हातेमालोचोकमा चिस्यानगृह निर्माण सम्पन्न भइसकेर पनि हालसम्म पनि सञ्चालनमा आउन सकेको छैन । पैयुँको चिस्यानगृह निर्माणका लागि कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, ललितपुरको रु ११ लाख र पैयुँ गाउँपालिकाको रु ११ लाख लगानी रहेको छ । दक्ष प्राविधिकको अभावमा चिस्यानगृह सञ्चालनमा ल्याउन समस्या परेको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले बताउनुभयो । उहाँका अनुसार आगामी सिजनमा आलु भण्डारण गर्ने तयारी गरिएको छ । त्यस्तै गरी जिल्लाको मोदी गाउँपालिकाको पातिचौरमा निर्माणाधीन रहेको 'कोल्डरुम' भने भौतिक संरचना निर्माणमा भएको ढिलाइका कारण हालसम्म पनि अलपत्र अवस्थामा रहेको छ । चिस्यान केन्द्र नहुँदा बोटबाटै काँचै सस्तो मूल्यमा सुन्तला बिक्री गर्नुपरेको मोदीका अगुवा कृषक दाताराम चापागाईले बताउनुभयो । "राज्य तथा व्यक्तिहरू भौतिक संरचना निर्माणका क्रममा अहोरात्र खट्ने तर निर्माणपश्चात्को व्यवस्थापकीय पक्षमा उदासिन देखिने प्रवृत्तिका कारण चिस्यानगृह अपेक्षाअनुसार सफल हुन नसकेका हुन् ।" स्थानीय कृषक शिव अधिकारीले भन्नुभयो,- "सरकारले भौतिक संरचना निर्माणमा मात्र होइन दीर्घकालसम्म कोल्डरुम सञ्चालनमा नीति नै बनाएर कृषक सँगसँगै हातेमालो गर्नुपर्छ । तब मात्र कृषकका लागि ल्याएका सुविधा सार्थक र कृषक केन्द्रित हुनेछन् ।" कृषिउपज टिप्ने, अल्पकालीन भण्डारण गर्ने तथा ढुवानी गर्नेलगायतका विषयमा यथेष्ट ज्ञान, कोल्डरुमसम्बन्धी प्राविधिक ज्ञान र सहुलियत विद्युत् उपलब्ध गराउने राज्यतहको नीति बेलैमा नआउने हो भने हाम्रा सबै लगानी परिणाममुखी नहुने सरोकारवालाको भनाइ छ । 'कोल्डरुम' अपेक्षा गरेअनुसार कृषकका लागि उपयोगी हुन सकिरहेका छैनन् । निर्माणका क्रममा चुस्त देखिएका स्टोर अनेकन समस्या भ्mेलेर सञ्चालनका क्रममा समस्या ग्रस्तरुपमा चलिरहेका देखिन्छन् । दक्ष प्राविधिक तथा ज्ञानको अभाव, विद्युतीकरणको अभाव, सहुलियत विद्युत् उपलब्ध गराउने नीतिको अभावलगायत पक्षमा राज्यबाट यथोचित व्यवस्थापन हुन नसक्दा समस्या रहेको सुन्तला कृषक उमाकान्त शर्माले बताउनुभयो ।

# जीपी कोइराला अस्पतालमा फागुनदेखि डायलाइसिस सेवा

**पोखरापत्र संवाददाता**
दमौली, ७ मंसिर

जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रले आगामी फागुनदेखि मिर्गौलाका समस्या भएका बिरामीको डायलाइसिस सेवा सुरु गर्ने भएको छ ।

डायलाइसिस सेवा सुरु गर्न आवश्यक पर्ने संरचनासहितको कार्यमा लायन्स क्लब र शुक्लागण्डकी नगरपालिकाले सहयोग गर्ने भएका छन् । आगामी फागुनदेखि सेवा दिनेगरी प्रक्रिया अघि बढाइएको केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

"डायलाइसिस सेवा सुरु गर्न व्यापक माग आएको छ । हामी यो सेवा सुरु गर्न आन्तरिक रूपमा तयारी थालिसकिएको छ । सेवा सञ्चालन गर्न केन्द्रले दुई नर्सलाई तालिम प्रदान गरेर तयारी अवस्थामा राखेको छ, थप दुई जनालाई मङ्सिर १ गतेदेखि तालिममा पठाइएको छ", डा श्रेष्ठले भन्नुभयो । अस्पतालमा आवश्यक सेवा सञ्चालन गर्न केही समयअघि निरीक्षणका लागि आउनुभएका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले समेत मन्त्रालयबाट आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभएको थियो । उहाँले आफ्नै कार्यकालमा केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मिल्नेगरी प्रक्रिया पूरा गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो ।

स्वास्थ्य बीमाबाट पनि उपचार सेवा प्राप्त गर्न सक्ने भएपछि बिरामीको चाप बढेको यस अस्पतालबाट दैनिक तीन सय बिरामीले सेवा लिने गरेको प्रशासन शाखा प्रमुख प्रदीप पौडेलले बताउनुभयो । उहाँले केन्द्रमा श्वासप्रश्वास रोगसम्बन्धी विशेषज्ञ सेवासहित हाडजोर्नी तथा नशारोग, स्त्रीरोग, बालरोग, नाक, कान घाँटी, जनरल सर्जरीको विशेषज्ञ सेवा प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

# अल्फा बोर्डिङमा वार्षिक खेलकुद कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

लामाचौर स्थित अल्फा बोर्डिङ स्कुलले लामाचौर गोस्ते घाट खेल मैदानमा एक विशेष कार्यक्रमका बिच शुक्रबारका दिन वार्षिक खेलकुद कार्यक्रम समापन समारोह सम्पन्न गरेको छ ।

वार्षिक खेलकुद कार्यक्रमको समापन समारोहमा कार्यक्रमका प्रमुख अतिथिको रुपमा नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तथा गण्डकी प्रदेश खेलकुद परिषदका निवर्तमान सदस्य सचिव तेजबहादुर गुरुङको उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी गुरुङले अल्फा बोर्डिङ स्कुलले शैक्षिक कार्यक्रमको साथसाथै खेलकुद क्षेत्रमा खेलेको भूमिकाको मुक्तकण्ठले प्रशंसा गरेका थिए । साथै हरेक वर्ष विद्यालयले प्रदेश तथा देशकालागि खेलकुदमा सक्षम जनशक्ति उत्पादन गर्ने विश्वास व्यक्त गरेका थिए । विद्यालयका प्रशासक निराजन थापाको संयोकत्वमा संचालित उक्त प्रतियोगिताको समापन समारोह विद्यालय व्यवस्थापन समितीका अध्यक्ष तथा विद्यालयका प्राचार्य सुरेन्द्रमान सिंह भण्डारीको अध्यक्षतामा सम्पन्न भएको थियो । समापन समारोहमा उत्कृष्ट खेल प्रर्दशन गर्ने सम्पूर्ण खेलाडी विद्यार्थीहरु तथा सदनहरुलाई कार्यक्रमका प्रमुख अतिथी तेजबहादुर गुरुङको हातबाट पुरस्कार वितरण गरिएको थियो । सोही कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य सुरेन्द्रमान सिंह भण्डारी, विद्यालयका निर्देशक दिपक गुरुङ, विद्यालयका सह प्राचार्य कृष्ण लम्साल, कार्यक्रम संयोजक निराजन थापा एवं परीक्षा संयोजकले विद्यार्थीहरुलाई यस्ता प्रतियोगितामा सक्रिय सहभागिता जनाउनका लागि उत्साहित हुन अभिप्रेरित गरेका थिए । विद्यालयका विज्ञान शिक्षक सन्दिप वि.क. ले सञ्चालन गरेको औपचारिक समापन समारोहमा विभिन्न सदन शिक्षकहरुको समेत सक्रिय सहभागिता रहेको थियो ।

# बगेर खेर गइरहेछ भोटको नुन

**–सन्तोष गौतम**
म्याग्दी, ७ मंसिर/रासस

मुस्ताङका वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ तेताङका ७३ वर्षीय थर्चेन गुरुङले ३० वर्षअघिसम्म नर्साङखोला किनारमा रहेको खानीको नुन आफूले उपभोग र गाईवस्तुलाई खुवाउने गर्नुहुन्थ्यो ।

"मुस्ताङमात्र नभएर यो खानीको नुन म्याग्दी, पर्वत, बागलुङमा भोटको नुनले परिचित थियो", उहाँले भन्नुभयो, "आयोडिन मिसाएको नुन आउन थालेपछि हाम्रो खानीको नुन नर्साङखोलामा बगेर खेर गइरहेको छ ।"

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ मा पर्ने नुनखानी उपभोग हुनसकेको छैन । कुनै समय 'भोटको नुन'का रूपमा चिनने यहाँको खानी बेवारिसे बनेको छ । तेताङगाउँबाट नर्साङ खोलैखोला करिब एक घण्टा पैदलयात्रा गरेपछि नुनखानीमा पुगिन्छ । अग्ला पहाडको फेदीमा नुनिलो पानी निस्कने चारवटा मुहान छन् । प्रयोग हुन नसक्दा मुहानबाट निस्कने नुनिलो पानी नर्साङखोलामा बगेर खेर गइरहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ का वडासदस्य तथा तेताङका बासिन्दा धवा गुरुङले बताउनुभयो । गुरुङका अनुसार आयातित नुनको सहज उपलब्धतासँगै यहाँको खानी तीन दशकयता उत्खनन भएको छैन । "पहिले तेताङका बासिन्दा तीन महिनासम्म खानीमै बसेर वर्षमा ६०-७० मुरी नुन निकाल्ने गर्दथे", उहाँले भन्नुभयो, "अहिले नुन निकाल्ने मान्छे पनि छैनन् । बाटो नभएकाले त्यहाँ पुग्न पनि गाह्रो छ ।" स्थानीयवासीले परम्परागत प्रविधि अपनाएर नुनीलो पानीलाई सुकाएर ढिक्के नुन उत्पादन गर्दथे ।



नुनिलो पानीलाई कुण्डमा सङ्कलन गरी घाममा सुकाएर नुन बनाउने गरिएको थियो । मुहानबाट पाइपमार्फत कुण्डमा नुनिलो पानी ल्याएर सङ्कलन गर्ने संरचनाहरू अझै छन् । पहिले खाली जमिनमा सुकाइने नुनिलो पानी पछिल्लो समय त्रिपाल र प्लाष्टिकमाथि जम्मा गर्न थालिएको थियो । उत्खनन हुन छाडेपछि नाउर, झारल, घोरललगायत वन्यजन्तु नुन खानका लागि खानीमा आउने गर्छन् । नुनखानी हेर्न जानेहरूले वरपर जङ्गली जनावर देखिने बताउँछन् । घुम्न गएका पर्यटकले नुनिलो पानीलाई बोतलमा हालेर प्रसादका रूपमा घरमा लैजाने गर्छन् । बर्खामा नर्साङखोलामा बाढी आउने र हिउँदमा हिउँ पर्ने भएकाले वैशाख, जेठ र असारमा खानीमै बसेर नुन निकाल्ने गरिएको तेताङका बूढापाका बताउँछन् । राणा शासनकालमा थासाङ गाउँपालिका-१ टुकुचेका तत्कालीन सुब्बा शङ्करमान शेरचनलाई नुन उत्खननको जिम्मा दिइएको थियो । शेरचन र उहाँका सन्तानहरू बसाइँ सरेर काठमाडौँ गएपछि खानी उत्खनन हुन छाडेको हो । म्याग्दी, बागलुङ र पर्वतका बासिन्दा हप्तौँ पैदलयात्रा गरेर मुस्ताङमा नुन लिन जाने गर्दथे । बेनी नगरपालिका-५ का केदार पौडेलले मुस्ताङ गएर चामलसँग साटेर नुन ल्याउने गरेको सम्झनुहुन्छ । "मुस्ताङमा धानखेती नहुने भएकाले हामीले यताबाट चामल बोकेर लैजाथ्यौँ र एक पाथी चामलको एक पाथी नुन ल्याएर आउथ्यौँ", ७० वर्षीय पौडेलले भन्नुभयो, "पछि पुतलीखेतमा गाडी आएपछि नुन ल्याउन मुस्ताङ जान छाडियो । अहिले त आयोडिनयुक्त नुन गाडीले गाउँगाउँमै ल्याउँछ ।"

गाउँघरमा बूढापाकाहरूले भोटको नुन ल्याउन थाकखोला जाँदाको अनुभव सुनाउने गर्छन् । भोटको नुन अहिले एकादेशको कथामा सीमित भएको छ । जोमसोमबाठ तल पर्ने थकाली समुदायको बसोबास भएको बस्तीलाई थाकखोला भन्ने गरिन्छ । नुनको माग रहेको बेला तेताङका धेरैले रोजगारी पाएका थिए । रोजगारीसँगै पैसा तिरेर महँगोमा नुन खान नपरे आफूहरूलाई ठीक हुने स्थानीयवासीको माग छ ।

विसं २०७७ मा खानी तथा भूगर्भ विभागका प्राविधिक इन्जिनियरसहितको टोलीले यस क्षेत्रमा स्थलगत रूपमा नुन खानीको अध्ययन गरेको थियो । टोलीले यो खानीको नुनमा ७० दशमलव २८ प्रतिशत देखि ९३ दशमलव ७ प्रतिशतसम्म सोडियम क्लोराइड रहेको र यहाँको नुन खान योग्य भएको पुष्टि गरेको थियो । जोमसोम देखि ३० किलोमिटर टाढा छुसाङको तेताङ नजिकैको नर्साङखोला आसपासको दुई किलोमिटर क्षेत्रफलमा नुनको भण्डार रहेको विभागको अध्ययन प्रतिवेदनमा उल्लेख छ । तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सोमप्रसाद पाण्डे आफैँ नुनखानीको अनुगमन गर्न आउनुभएको थियो ।

पूर्वप्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनका अनुसार मुस्ताङको नुनलाई 'हिमालयन साल्ट'का रूपमा ब्राण्डिङ गरेर बिक्री गर्ने लक्ष्यसहित २०७७ सालमा खानी तथा भूगर्भ विभागले नुनखानी उत्खननका लागि प्रस्ताव आह्वान गरेको थियो । विभागका अनुसार नुनखानी उत्खनन गर्न कुनै पनि कम्पनीले प्रस्ताव गरेनन् । निजी क्षेत्रले चासो नदेखाएपछि नुनखानी उत्खननको विषय ओझेल परेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ का वडाध्यक्ष विनोद गुरुङले बताउनुभयो ।

"भूगोल हाम्रो भए पनि खानी उत्खनन गर्ने सामर्थ्य र अधिकार गाउँपालिका वडालाई छैन", उहाँले भन्नुभयो, "खानीलाई संरक्षण गरेर पर्यटकीयस्थल बनाउन सकिन्छ । त्यसका लागि बाटोको समस्या छ ।" सडकमार्गको पहुँच र नुनखानी रहेको पहाडबाट बग्ने नुनिलो पानीलाई पाइप लाइनमार्फत सहज ठाउँमा ल्याएर उत्पादन गर्न सकिने सम्भावना छ । परम्परागत रूपमा विगतमा नुनको उत्खनन भए पनि त्यसलाई आधुनिक तरिकाले गर्न आवश्यक छ । उत्खनन भएको नुनलाई आयोडिन मिसाएर प्रयोगयोग्य बनाउन सकिन्छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले नुनखानी भएको ठाउँलाई तेताङ र छुसाङका बासिन्दाहरूको आफ्नो भूगोलमा पर्ने दाबी गर्दा विवाद भएको र व्यक्तिगत जग्गामा खानी भएकाले त्यसका लागि सरकारले नीतिगत निर्णय गर्नुपर्ने बताउनुभयो ।

यसअघि गाउँपालिकाले २०७५ सालमा नुनखानीबाट निस्कने नुनिलो पानी सङ्कलन गर्ने तीनवटा पोखरी बनाएको थियो । गाउँपालिकाले बनाएको उक्त अस्थायी संरचना नर्साङखोलाको बाढीले क्षति पुर्‍याएको छ । मुस्ताङबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले खानी रहेको ठाउँको जग्गा व्यक्तिको स्वामित्वमा रहेकाले त्यहाँ सरकारी निकायबाट पूर्वाधार बनाउन नीतिगत समस्या हुने भएकाले अलमल रहेको बताउनुभयो ।

मुस्ताङमा नुनको मात्र नभएर युरेनियम, कोइला र ग्यासको खानी छ । मुक्तिनाथ मन्दिर परिसरमा ग्यासको खानी भएकाले त्यहाँ निरन्तर बलिरहने ज्वाला छ । खानी तथा भूगर्भ विभागले २०७०/७१ सालमा गरेको प्रारम्भिक अन्वेषणमा लोमान्थाङ क्षेत्रमा १० किमी लम्बाइ र तीन किमी चौडाइमा युरेनियम भेटिएको थियो ।

युरेनियनको खानीको संरक्षण र सुरक्षाका लागि लोमान्थाङको लुङखुफाँटमा नेपाली सेनाको क्याम्प राखिएको छ । युरेनियमलाई इन्धन र परमाणु हतियार निर्माणका लागि कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । जोमसोम नजिकैको ठिनी लेकमा कोइला खानी छ । मुस्ताङमा रहेका खानीको व्यवस्थित हिसाबले उत्खनन र संरक्षण गर्न सकेमा रोजगारी सृर्जना, आयात घटाउन र देशको अर्थतन्त्रमा योगदान पुग्ने देखिन्छ ।

# दोस्रो गोर्खाली अन्तर समाज खुल्ला सामुहिक लोक नृत्य प्रतियोगितामा ताङतिङ दुध समाज प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ मंसिर

पोखरामा रहेको गोर्खाली रेडियोको आयोजनामा भएको दोस्रो गोर्खाली अन्तर समाज खुल्ला सामुहिक लोक नृत्य प्रतियोगितामा ताङतिङदुधपोखरी तमु समाज प्रथम भएको छ ।

पोखरा सभागृहमा शुक्रबार भएको प्रतियोगितामा ताङतिङ प्रथम हुँदै नगद ७५ हजार रुपैयाँको साथमा ट्रफि र प्रमाणपत्र प्राप्त गर्‍यो । प्रतियोगितामा विभिन्न जातीय समाज, भूपू सैनिकसहितको १२ टिम सहभागीता थियो ।

प्रतियोगितामा चिउले पाचे तमु समाज दोस्रो र पोचोको तमु समाज तस्रो बन्यो । यि २ समुहले क्रमशस् ५० हजार र ३० हजार रुपैयाँको साथमा ट्रफि र प्रमाणपत्र प्राप्त गर्‍यो । भने, शिसुवा र कोल्मा बहाकोट तमु समाजले सान्त्वना बन्दै १०र१० हजार रुपैयाँ प्राप्त गरेको रेडियोका अध्यक्ष श्रीप्रसाद गुरुङले जानकारी



दिनुभयो ।

यस्तै प्रतियोगितामा गोर्खा बिग्रेडलाई उत्कृष्ट भूपू सैनिक टिम घोषणा गरी रु १० हजार र ट्रफि प्रदान गरिएको थियो । यो पुरस्कारको प्रायोजन गोर्खाली रेडियोका सल्लाहकार मे। लक्ष्मीप्रसाद गुरुङले गर्नुभएको थियो । प्रतियोगिताको निर्णायक संयोजकमा रेडियो नेपाल प्रादेशिक प्रसारण कार्यालय, गण्डकी प्रदेश पोखराको प्रमुखमा शान्ति गुरुङ, संस्कृतकर्मीहरु गजबहादुर गुरुङ 'गजेन्द्र' र कृष्णकुमार गुरुङ सदस्य हुनुहुन्थ्यो । कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले गण्डकी प्रदेशमा संस्कृतिको धनी भएकाले यसको संरक्षण र संवर्द्धनमा यस्तो खालको प्रतियोगिताले सघाउने बताउनुभयो । यसका लागि सबै एकजुट भएर लाग्नुपर्ने उहाँको भनाइ थियो । प्रदेश सभामा पनि संस्कृति संरक्षणका लागि आफूले आवाज उठाइरहेको सांसद गुरुङले सुनाउनुभयो ।

३५ वर्षभन्दा माथिको लोक कलाकारहरुमा रहेको प्रतिभा प्रस्फुटन गरी स्थानीय लोक भाका, कला, संस्कृति, मौलिकताको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको रेडियोकी स्टेशन म्यानेजर खिमाकुमारी गुरुङले बताउनुभयो । प्रतियोगितामा पौराणिक कथामा आधारित घाटु, सोरठी, कृष्णचरित्र र भजनबाहेक लोक नृत्यलाई प्राथमिकता दिइएको उहाँले सुनाउनुभयो । कार्यक्रम भव्य सफल बनाउनका लागि सहयाग गर्ने सबैमा उहाँले आभार प्रकट पनि गर्नुभयो । कार्यक्रमबाट बचत भएको रकमको १० प्रतिशत रकमबाट असहाय बालबालिकालाई सहयोग गरिने कार्यक्रम संयोजक डब्लू ओ टू बलबहादुर गुरुङले जानकारी दिनुभयो । रेडियोका अध्यक्ष श्रीप्रसाद गुरुङको अध्यक्षता भएको कार्यक्रम स्टेशन म्यानेजर खिमा गुरुङले सञ्चालन गर्नुभएको थियो ।